# आमाबाबु दुबै गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम, २०६८

नेपाल सरकार, मन्त्रिपरिषद् (सामाजिक समितिबाट) २०६८।०३।२६ मा स्वीकृत

(संक्षिप्त जानकारी)

**कार्यक्रमको संक्षिप्त परिचय :** सम्वत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गते सम्मको सशस्त्र द्वन्द्वका क्रममा आमाबाबु दुबैको मृत्यू भई टुहुरा भएका, वेपत्ता पारिएका वा द्वन्द्वको क्रममा बाबु वा आमामध्ये कुनै एकको मृत्यु भएको  वा वेपत्ता पारिएको र बाबु वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु  वा वेपत्ता भई दुवै नभएको वा बाबुको द्वन्द्वको क्रममा मृत्यु वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी बाबु आमा दुबै नभएको अवस्थाको १८ बर्ष उमेर पुरा नगरेको बालबालिकालाई लक्षित गरी यो पुनःस्थापन कार्यक्रम संचालन गर्ने ।

**कार्यक्रमको उद्देश्य :** द्वन्द्वपीडित बालबालिकाको जीवनस्तर सहज बनाई भविष्यमा योग्य नागरिक बन्न टेवा पुऱ्याउने ।

**कार्यक्रम लक्षित बालबालिका संख्या :** २४२ (आ.व.२०६८।०६९)

**कार्यक्रम संचालन हुने जिल्लाहरु :** पन्द्रह
खोटाङ्ग, स्याङ्जा, गोरखा, डोल्पा, रोल्पा, दाङ्ग, कैलाली
ललितपुर, काभ्रे, रुकुम, लमजुङ्ग, तनहुँ, कास्की, पर्वत
र जाजरकोट

१. **आ.व. २०६७।०६८ मा :** ७ वटा जिल्ला

**कार्यक्रम संचालनको बजेट :** रु. २ करोड २५ लाख

बजेट उपशिर्षक नं. : ३४९१०२३
कार्यक्रम : राहत तथा पुनःस्थापन २०६८।०६९

**कार्यक्रम संचालनका आधार :**

१. वार्षिक बजेट कार्यक्रम
२. द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदन-२
३. सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका सम्बन्धी कार्ययोजना,२०६६ (CAAC)
४. विस्तृत शान्ति संभ्कौता - २०६३ (CPA)
५. आमाबाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम संचालन कार्यविधि,२०६८

**कार्यान्वयन गर्ने जिम्मेवार निकाय :** जिल्ला प्रशासन कार्यालयहरु

**कार्यक्रम संचालन**

**प्रारम्भ :** आ.व.२०६७।०६८
**अवधि :** २०६७।०६८ देखि निरन्तर

**कार्यक्रम कृयाकलाप :** बालबालिकाको भरणपोषण, आवास, खाद्यान्न, स्टेशनरी, आकस्मिक खर्च, औषधोपचार, लत्ताकपडा, पोषणका निमित्त निजका अभिभावकका नाममा शून्य मौज्दातमा बैङ्क खाता खोली संरक्षण वापत रु.५,०००।- मासिक उपलब्ध गराउने ।

- बालबालिका र संरक्षक पहिचान, यकिन
- स्थानीय स्तरको अनुगमन प्रतिवेदन
- चौमासिक प्रतिवेदन

**कार्यक्रम संचालन संयन्त्र (कार्यविधि अनुसार)**

१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय
२. राहत तथा पुनःस्थापन इकाई (RRU)
३. जिल्ला प्रशासन कार्यालयहरु
४. जिल्ला बालबालिका पुनःस्थापन समिति (जिल्लास्तर)
५. स्थानीय अनुगमन समिति

**बालबालिका पुनःस्थापन (कार्यविधि,२०६८ अनुसार) कार्यान्वयन प्रक्रिया :**

१. स्वीकृत कार्यविधिमा उल्लेख भएका विषय र कार्य :

(क) जिल्ला प्रशासन कार्यालय र जिल्ला पुनःस्थापन समितिले टुहुरा बालबालिकाको पहिचान गर्ने ।

(ख) जिल्ला प्रशासन कार्यालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालय(MOPR),कार्यदलमा बालबालिकाको विवरण पठाउने ।

(ग) MOPR/कार्यदलले प्रतिवेदन तयार गर्ने ।

(घ) प्रतिवेदनमा नाम भएका बालबालिका र संरक्षक जिल्ला पुनःस्थापन समितिबाट यकिन गराई अनुसूची-२ भरी विवरण र फोटो प्रमाणित गरी रकम फुकुवाका लागि राहत तथा पुनःस्थापन इकाईमा अनुरोध गर्ने ।

(ङ) राहत तथा पुनःस्थापन इकाईले प्रति बालबालिका रु.५,०००।- को दरले १२ महिनाको हुन आउने रकम अख्तियारी पठाउने ।

(च) राहत प्रदान गर्नु पूर्व राहत तथा पुनःस्थापन इकाईबाट फुकुवा प्राप्त गर्नु पर्ने ।(यस वर्ष नपर्ने)

(छ) संरक्षकको नाममा शुन्य मौज्दातमा खाता खोली मासिक रुपमा राहत वितरण गर्ने ।

(ज) पुनःस्थापन कार्यक्रम अन्तर्गतका राहत आवास, खाद्यान्न, भरणपोषण, औषधोपचार, लत्ताकपडा, स्टेशनरी र आकस्मिक खर्चमा उपयोग हुने ।

(झ) पुनःस्थापन हुने बालबालिकाको संरक्षण कृयाकलापको स्थानीय अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(ञ) जिल्ला प्रशासन कार्यालयले MOPR मा चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने ।

(ट) हाल १५ जिल्लाका २४२ जना बालबालिकाका निमित्त राहत पठाइएको अन्य प्रतिवेदन प्राप्त पछि क्रमशः कार्यान्वयन हुदै जाने ।